७०६

# अनुसुची ८
## आयोजना सम्पन्न प्रतिवेदन

| | | | |
|---|---|---|---|
| राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको आयोजना नं | ७०६ | | |
| आयोजनाको शिर्षक | **मकवानपुर जिल्लाका दलित महिलाहरुको आय वृद्धिका लागि कुखुरा पालन परियोजना** | | |
| आयोजनाको संयोजक | राम लक्षण यादव | | |
| ठेगाना | जिल्ला मकवानपुर हेटौंडा नगरपालिका वडा नं ४, अजरअमर रोड | | |
| सम्पर्क नंबर | ९८४५१०६०८१/९८४५०२९७९५ | | |
| इमेल | ramrlyadav@rediffmail.com / krishnagh11@gmail.com | | |
| सहभागी संस्था | सामुदायिक उर्जा तथा पर्यावरण विकास मञ्च, मकवानपुर | | |
| आयोजना शुरु मिति | २०६७ असोज | समापन मिति | २०६८ फाल्गुण |
| कोषको प्रकार | अनुसन्धान तथा विकास | | |
| राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको प्राथमिकता क्षेत्र | राष्ट्रिय कृषि अनुसन्धान र विकास कोषले तोकेको प्राथमिकता क्षेत्र ३ अन्तर्गत उपयोगकर्ताको माग अनुरुपका र कृषक परिवारको अतिरिक्त आय आर्जनका लागि पशुजन्य एवं मत्स्यपालन सम्बन्धि अनुसन्धान तथा प्रसार रहेको छ । | | |
| स्विकृत बजेट | रु ९९९१००।०० | यथार्थ खर्च | |

**१. आयोजनाले समाधान गर्ने उद्धेश्य राखेको अनुसन्धनात्मक समस्या/बाधा अड्चन**

हटिया गाविस वडा नं ९ खाती टोलका दलित महिलाहरुमा रहेको गरिवी, अशिक्षा, उनिहरुमा कुखुरा पालन सम्बन्धि सीप तथा दक्षताको अभाव, व्यावसायिक रुपमा त्यस क्षेत्रमा हुन नसकेको कुखुरा पालन तथा तरकारी खेतीमा रहेको परम्मपरागत प्रणालि, तरकारी तथा पोषणयुक्त खाद्य पदार्थको कमी, ज्ञान तथा चेतनाको कमीलाई न्यून गर्नका लागि व्यवस्थित कुखुरापालन र त्यसमा आवस्यक पर्ने प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि र तरकारी खेतीका माध्यमबाट आय आर्जन बढाउने र कुखुरा पालनमा देखिने रोग, महामारी तथा अन्य समस्या समाधानका लागि समुदायले गर्नसक्ने प्रयासबारे स्थलगत तालिम तथा क्षमता अभिवृद्धि गरी विभिन्न सेवाप्रदायी संस्थाहरुसंगको समन्वय र सहकार्य विस्तारका लागि निम्न समस्याहरु समाधान गर्ने उद्धेश्य लिएर यो कार्यक्रम सञ्चालन गरिएको हो ।

१। अति विपन्न २५ दलित महिलाहरुले खोर निर्माण तथा कुखुरा पालन सम्बन्धि ब्यवहारिक र स्थलगत तालिम तथा आर्थिक सहयोग प्राप्त गरी निरन्तर कुखुरापालनबाट आय वृद्धि गर्ने छन् ।

२। समूह बचत कोष सञ्चालन, लैङ्गिक सचेतना तालिमका माध्यमबाट क्षमता अभिवृद्धि तथा अदुवा, गोलभेडा र खुर्सानी (तरकारी) को उत्पादनमा वृद्धि भइ अतिरिक्त आय आर्जन गर्नेछन् ।

३। ब्यवस्थित रुपमा कार्यक्रम सञ्चालन अनुगमन तथा सुपरिवेक्षण, प्राविधिक सहयोग र परियोजनामा तयार पारिने श्रब्य दृश्य सामग्रीका मद्धतबाट यो परियोजना निरन्तर, दीगो र अन्यत्र विस्तार हुने छ ।

**२. लक्षित समुह तथा उपभोगकर्ता**

- मकवानपुर जिल्ला हटिया गाविसका अति विपन्न २५ ज्योती आय आर्जन समूहमा आवद्ध दलित परिवारका महिलाहरु र उनिहरुका परिवारका १५० जना सदस्यहरु प्रमुख लाभान्वित भएका छन् ।
- अति विपन्न दलित महिला समूहले कुखुराको मासु र मल उत्पादन गरी सो को बिक्रि वितरणबाट प्रत्यक्ष रुपमा आर्थिक लाभ प्राप्त गरेका छन् ।
- एकजना स्थानिय पशुपालन प्राविधिकले आंशिक रुपमा रोजगार प्राप्त गरेका छन् ।
- त्यस भेगका अन्य उपभोक्ताले ताजा मासु तथा तरकारी उपभोग गर्न पाएका छन् ।
- अन्य कृषकहरुले यस परियोजनाबाट सिकेर कुखुरापालन तथा तरकारी खेती शुरु गरेका छन् ।

**३. अनुसन्धानबाट प्राप्त गरिएका मुख्य नतिजा तथा सिफारिसहरु**

१। १७८ दलित परिवारको प्रारम्भिक आय, जग्गा तथा रोजगारीका आधारमा विपन्नता स्तरीकरण गरी सोही आधारमा कुखुरापालनका लागि २५ परिवार छनौट र समूह निर्माण गरिएको छ ।

२। कुखुरापालनका लागि उपयुक्त खोर निर्माण दक्षता अभिबृद्धि तालिम प्राप्त गरी स्थानिय सामग्रीको प्रयोग गरेर २५ वटा खोर निर्माण भएका छन् ।

३। पहिलो पल्ट १६ दलित परिवारबाट शुरु गरिएको कुखुरापालन क्रमशः बृद्धि गर्दै कार्यक्रमको अन्त्यसम्ममा २५ परिवारमा कार्यक्रममा विस्तार गरिएको छ । दलित महिलाहरुलाई प्रति परिवार निम्न बस्तु तथा सामग्रीहरु विउ पूंजीको रुपमा वितरण गरिएका छन्

- १०० कुखुरा पाल्नका लागि खोर निर्माण
- १०० गोटा चल्ला,
- ४५० केजी दाना,
- औषधि तथा भ्याक्सिन,
- औषधि तथा दानापानी खुवाउने भाडाहरु सेट
- उज्यालाका लागि लाल्टीन ।
- स्थलगत तालिमका माध्यमबाट भ्याक्सिन लगाउन सक्ने दक्ष कृषकहरु उत्पादन गरिएको छ ।

४ स्थानिय कुखुरा पालन सम्बन्धि दक्ष प्राविधिकलाई दैनिक ज्यालादारीमा ९० दिनका लागि रोजगार ।

५ कुखुरा पालनबाट प्राप्त नाफाबाट रु २३००० (तेइस हजार) बचत गरी समूहमा ऋण परिचालन भइरहेको छ ।

६ कुखुरा पालन सम्बन्धि काममा पुरुष सदस्यहरुबाट महिलाहरुलाई सक्रिय सहयोग र सहकार्यता भएको छ ।

७ स्थानिय समूह र सरोकारवालाहरु तथा जिल्ला पशु सेवा कार्यालय तथा जनप्रिय प्राविधिक शिक्षालयका विज्ञ टोलीबाट निरन्तर अनुगमन तथा सुपरिवेक्षण भइ आवस्यक सुझावहरु प्राप्त भएका छन् ।

८ उत्पादित मलको प्रयोगले अदुवा, गोलभेडा र खुर्सानी उत्पादन बृद्धि भई प्रति परिवार वार्षिक रु.२०००० थप आम्दानी ।

९ परियोजनाको सम्पूर्ण क्रियाकलाप समेटेर अन्यत्र विस्तार र प्रभावकारिताका लागि श्रब्य दृष्य सामग्री तथा ३०० थान स्मारिका प्रकासन तथा वितरण गरिएको छ ।

## ४. नतिजाहरुको प्रचार एवं अपनाइने संभावना

यो परियोजनालाइ समेटेर तयार पारिएको कुखुरा पालन सम्बन्धि दृष्य सामग्री तथा सूचना, प्रविधि र तरिकाको जानकारी अन्य समुदायमा गरिएको छ । ज्योती आय आर्जन समूहले आफै कुखुराको चल्ला, दाना, औषधिको डिलर तथा प्राविधिक ज्ञान समुदायमा उपलब्ध गराउन प्राविधिकको ब्यवस्था मिलाउनुका साथै बजार ब्यवस्थापनको लागि अगुवाइ गरेको छ जसबाट अन्य समुदाय प्रेरित भइ संलग्न दलित परिवारको आय बृद्धि हुनाका साथै अन्य छिमेकीहरु समेत यस व्यवसायमा आकर्षित भएका छन् । भविष्यमा यो कुखुरा पालन ब्यवसाय यस क्षेत्रको आय आर्जनको राम्रो माध्यम हुन सक्छ । यसका लागि संस्थाले समुदायको जिल्ला पशु सेवा कार्यालय, मकवानपुर, जनप्रिय प्राविधिक शिक्षालय, गाविस, जिविस र लक्ष्मि दाना उद्योगसंग सम्बन्ध विस्तार गरेको छ ।

## ५. प्रचार गर्न र भविष्यमा प्रभाव पार्ने सूचक र सिफारिसहरु

- कुखुरा पालन सम्बन्धि दृष्य सामग्री तथा प्रकासन,
- कम लागतमा खोर निर्माणका लागि स्थानिय स्रोत साधन र प्रविधिको प्रयोग
- स्थानिय कृषकहरुले प्राप्त गरेको प्राविधिक ज्ञान तथा सीप
- समूहमा नै चल्ला, दाना, भ्याक्सिन, औषधि तथा प्राविधिकको उपलब्धता
- कुखुरा पालनमा समूहको नेतृत्व र अगुवाई
- समूहमा बचत संकलन तथा ऋणको उपलब्धता

**सिफारिसहरुः**

- महिला समूहले यसको प्रचार प्रसारमा ध्यान दिनुपर्ने
- बचत तथा ऋणलाइ निरन्तरता दिनुपर्ने
- समूहको सम्बन्ध विस्तार गर्नुपर्ने

# अनुसुची ९
# आयोजना सम्पन्न मुख्य प्रतिवेदन

**१. पृष्ठभूमि (Background)**

भौगोलिक वनावटका आधारमा राजधानी शहर काठमाण्डौसंग जोडिएको मकवापुर जिल्ला २४२६ वर्ग कि.मी. क्षेत्रमा फैलिएर रहेको छ । यस जिल्लामा विभिन्न जिल्लावाट वसाई सराई गरेर आएका समुदाय भएकोले यहाको रहनसहन, भेषभुषा, संस्कृति रीतिरीवाजमा समेत विविधता रहेको छ । चुरे पहाडको उत्तरपट्टी र महाभारत पहाड सँगै रहेकोले यसलाई भित्री मधेश भनेर चिनिन्छ । पूर्वमा वाग्मती नदीदेखि पश्चिममा मनहरी गा.वि.स.को लोथर नदी सिमाना रहको यस जिल्लालाई राजनीतिक हिसावले ४ वटा निर्वाचन क्षेत्र १३ वटा इलाका, ४३ वटा गा.वि.स.र एउटा नगरपालिका विभाजन गरिएको छ ।

यस जिल्लामा २०५८ सालको जनगणना अनुसार १९५२८३ महिला र १९७४६४ पुरुष गरि जम्मा ३९२७४७ जनसंख्या छ । जातिय हिसाबले हेर्दा यहां तामाङ्ग जाति (४७.३४ प्रतिशत) को बाहुल्यता रहेको छ भने दलित जातिको उपस्थिति पनि यहां ४.२७ प्रतिशत रहेको छ । राई, दनुवार र माझी जस्ता आदिबासी जातीको यहां २.९३ प्रतिशत जनसंख्या रहेको यस जिल्मा ब्राह्मण, क्षेत्री, नेवार, मगर, गुरुङ्ग र अन्य जातीहरुको उपस्थिति रहेको छ । धार्मिक हिसावले हेर्दा यस जिल्लामा हिन्दु, क्रिश्चियन, बौद्ध धर्म र मुश्लिम सम्प्रदायका मानिसहरुको बसोबास रहेको छ । *(श्रोत :जिल्ला प्रोफाइल २०६६, जिविस मकवानपुर )*

विकासका दृष्टिबाट हेर्दा ब्राह्मण, क्षेत्री, नेवार, मगर र गुरुङ्ग अन्य जाति भन्दा शिक्षा, स्वास्थ्य, आय, रोजगार तथा पहुंचका हिसाबले अगाडी रहेको छ भने यी सबै कुराहरुमा दलित जाति पछाडी परेको छ । शिक्षाको दृष्टिले अति नै पिछडिएको र गरीवीको अवस्था हेर्दा अधिकांश दलितहरु जग्गाविहिन वा कम जग्गा भएका र वर्षभरी खान नपुग्ने अवस्थामा रहेका छन् । आर्थिक रुपले पुरुषको स्थान अगाडी भएता पनि दलित पुरुषको अवस्था पछाडी परेको यस समुदायमा महिलाको अवस्था निकै दयनीय रहेको छ ।

संस्थाले गरेको अध्ययन अनुसार परियोजना प्रस्तावित हटिया गाविसमा जम्मा घरधुरी संख्या २१३९ मा महिला ६१२४ र पुरुष ६५६३ गरी जम्मा १२६८७ जनसंख्या रहेको जनगणना २०५८ को तथ्याङ्कबाट देखिन्छ । यस गाविसमा कामी १२९ घरधुरीमा ७५९ जना , दमाई ३१ घरधुरीमा १८४ जना र सार्की १८ घरधुरीमा १०६ गरी जम्मा १७८ घरधुरीमा १०४९ जनसंख्या दलितहरुको रहेको छ । मावि १, निमावि १, र प्रावि ५ गरी जम्मा ८ वटा विद्यालय र एउटा उच्च मावि रहेको यस गाविसमा विद्यार्थी संख्या बालिका १५७० र बालक १७३९ रहेकाछन् भने आर्थिक, घरायसी र टाढा भएका कारण विचैमा विद्यालय छोड्ने वा नजाने बालबालिकाको संख्या ३१६ रहेको छ । अधिकांस बालबालिका विद्यालयमै भर्ना भएका छैनन् । १२६८७ जनसंख्या रहेको यो गाविसमा पुरुष ८७१ र महिला १६११ गरी जम्मा २४८२ निरक्षर रहेको देखिन्छ । आर्थिक र शैक्षिक रुपले अत्यन्तै पिछडिएको यो गाविसका दलित समुदायमा पुरुषको भन्दा महिलाको अवस्था झनै दयनीय रहेको छ । अधिकांस जनसंख्या कृषिमा आश्रित रहेपनि व्यावसायिक र उन्नत खेती तथा पशुपालन हुन सकेको देखिदैन । *( श्रोत :जिल्ला प्रोफाइल २०६६, जिविस मकवानपुर )*

भौगोलिक हिसाबले हेटौडा नगरसंग जोडिएर रहेता हेटौंडा बजार क्षेत्रदेखि ८ कि.मी. पूर्वमा अवस्थित यस गाविसमा विद्युत तथा पानीको पनि पर्याप्तता भएर पनि कुखुरा पालन व्यवसाय अगाडी बढ्न नसकेको अवस्थामा यो व्यवसाय अपनाई दलित महिलाको आय वृद्धि गराउनका लागि संस्थाले दलित समुदायसंग छलफल गरी यो परियोजना तयार गरिएको थियो ।

यस क्षेत्रमा मौसम अनुसार बाली लगाउने र भित्र्याउने समयमा मात्र महिला रोजगारी सीमीत रहेको र महिलाहरुका लागि रोजगारीको कम अवसर प्राप्त भइ बांकी समयमा खेर गईरहेको तथा अनुत्पादक श्रमशक्तिलाई उपयोग गरी कुखुरा पालन व्यवसाय संचालन गरिएकाले यसबाट थप आय बृद्धि भई एकातिर गरीवी घटेको छ र अर्कातिर बालबालिकाको शिक्षा अगाडी बढाउन आर्थिक सहयोग पुगेको छ साथै परिवारमा महिलाका लागि रोजगारी सिर्जना भई महिलाको सामाजिक हैसियत समेत अगाडी बढाउन यस परियोजनाले सघाउ पुऱ्याएको छ ।

मासु उत्पादनका लागि महिलाहरुको नेतृत्वमा व्यवस्थित रुपमा स्थलगत रुपमा तालिम प्रदान गरी सञ्चालन गरिएको ब्रोइलर कुखुरा पालनले महिलाहरुले प्रत्येक क्रियाकलापको व्यवहारिक तालिम प्राप्त गरेका छन् । संस्थाबाट नियुक्त प्राविधिकहरुको रेखदेख र सल्लाहमा मासु उत्पादनका लागि २५ परिवारले निरन्तर रुपमा ब्रोइलर कुखुरा पालन समूहगत रुपमा सञ्चालन गरिरहेकाले यो परियोजना दीगो हुन्छ । यो कुखुरा पालन कार्यक्रम नमूना र व्यवस्थित रुपमा सञ्चालन गरिएकाले यस भेगका किसानका लागि यो प्रविधि कम लागतमा आधारित हुनेछ ।

पहिलो लटमा कुखुरा पालनका लागि स्थानिय स्रोत साधनको प्रयोग गरी स्थलगत रुपमा सहभागीहरुलाई संलग्न गराई कम लागतमा खोर निर्माण गरिनुका साथै विउ पूजिका रुपमा प्रति परिवार १०० गोटा चल्ला तथा त्यसका लागि आवस्यक दाना, भ्याक्सिन, औषधि उपचार, पानी खुवाउने भांडा तथा प्राविधिक सहयोग महिला कृषकहरुलाई उपलब्ध गराएको छ । परियोजनाको प्रभावकारिताका लागि महिलाहरुलाई स्थलगत रुपमा अभ्यास र तालिम पटकपटक गराइनुका साथै उन्नत जातका चल्ला आपूर्ति, उन्नत दानाको व्यवस्था र मासुका लागि तयार भएका कुखुराहरु बिक्रिका लागी

संस्थाले लक्ष्मी दाना उद्योगसंग सम्झौता गरी विक्रि वितरणको व्यवस्था मिलाएकाले कुखुरा पालक महिलाहरुलाई बजारका लागि कुनै समस्या परेको छैन र जोखिम पनि न्यून भएको छ। बिक्रिबाट प्राप्त रकममध्ये प्रति महिना रु २०० बचत गरी कोषको स्थापना गरेका छन् जसले भविष्यमा पर्न सक्ने भवितव्यको न्यूनिकरण र समूहमा ऋण परिचालनका माध्यमबाट अन्य इच्छुक महिलाहरुलाई समेत परियोजनामा सहभागी गराउदै परियोजना निरन्तर सञ्चालन हुनेछ। जनप्रिय प्राविधिक शिक्षालय, हटियामा गरिएको नाफामूलक कुखुरा पालनको नमूनालाई अनुशरण गर्दै दलित महिलालाई कुखुरा पालनका लागि चाहिने चल्ला, दाना, औषधि, भ्याक्सिन तथा भांडाकुंडा सबै निशुल्क र सहज तरिकाबाट उपलब्ध गराई रोग अन्वेषण र निराकरणका लागि जनप्रिय प्राविधिक शिक्षालय, हटियामा रहेको प्रयोगशाला र जिल्ला पशु सेवा कार्यालयमा समन्वय गरिएकाले जोखिम न्यूनिकरण भएको छ। परियोजनाको प्रभावकारिताका लागि स्थानिय समुदाय, कुखुरा पालन समूह, संस्था, जिल्ला पशु सेवा कार्यालय र राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषले समयसमयमा अनुगमन तथा सुपरिवेक्षण गरी आवस्यकता अनुसार परिमार्जन समेत गरिएकाले यो परियोजना सफल भइ दलित परिवारको आय बृद्धि हुनाका साथै अन्य छिमेकीहरुमा समेत यस व्यवसायको विस्तार भई यस क्षेत्रको आय आर्जनको राम्रो माध्यमका रुपमा देखिएको छ।

महिला सशक्तिकरणका लागि परियोजनामा लैंगिक सचेतना तालिम सञ्चालन गरिएको छ। महिलाहरु ब्यक्तिगत तथा बातावरणीय सरसफाईमा दलित परिवार सचेत भइ खोर व्यवस्थापन, रोग ब्यवस्थापन, खोर वरपरको वातावरण सरसफाईमा सजग भएका कारण उनिहरुको स्वास्थ्यमा राम्रो प्रभाव पर्नुका साथै वातावरण प्रति उनिहरुको चासो आभिबृद्धि भएको छ।

खोरबाट उत्पादित मल अदुवा, गोलभेडा र खुर्सानी उत्पादनमा प्रयोग भएकाले रासायनिक मलको प्रयोगमा कमी आउनुका साथै आफ्नै करेसा बारीमा उत्पादित ताजा तरकारी सेवनले लाभान्वित समूहले अतिरिक्त लाभ प्राप्त गरेका छन्।
कुखुरा पालन ब्यवस्थित रुपले सञ्चालन गरिएकाले समुदायमा प्रतिकुल प्रभाव देखिएको छैन र रोग निदान तथा माहामारीका लागि प्रयोग गरिने भ्याक्सिन तथा औषधी प्राविधिकहरुको सल्लाह अनुसार प्रयोग गरिने भएकाले वातावरण अनुकुल भएको छ। अन्त्यमा राष्ट्रिय कृषि अनुसन्धान र विकास कोषले तोकेको ढांचामा तयार पारिएको यस परियोजनाले पिछडिएका दलित महिलाहरुको गरीबि न्यूनिकरणमा सहयोग गरेको छ।

२. कार्यान्वयन कुशलता (Implementation performance)

१. निम्न आधारहरु तय गरी १७८ परिवारको विपन्नता स्तरीकरण गरिएको छ :

क) १० कट्ठा भन्दामाथी जग्गा भएका, रोजगारी भएका तथा वर्षभरी खान पुगी बचत हुने परिवारलाई उच्च,

ख) ५ कट्ठादेखि १० कट्ठा सम्म जग्गा भएका, रोजगारी नभएका तथा ९ महिना खान पुग्ने परिवारलाई मध्यम,

ग) ५ कट्ठा सम्म जग्गा भएका, पुर्ण रोजगारी नभएका तथा ६ महिना खान पुग्ने परिवारलाई विपन्न

२. कुखुरापालन समूह निर्माण :

२.१ विपन्नता स्तरीकरणका आधारमा छनौंट भएका दलित महिलाहरुको भेला दलित महिला संघ, गाउं स्तरीय दलित एकाई समिति र गाविसको संयुक्त उपस्थितिमा छलफल, अन्तर्क्रिया गरी समूह छनोट गरिएको छ।

२.२ समूहले सञ्चालन गर्नुपर्ने कार्य तथा जिम्मेवारीको बारेमा जानकारी गराउने र छनौंट भएका परिवारसंग सम्झौता पत्र तयार गरिएको छ।

२.३ कुखुरा पालनका लागि वितरित सामग्रीहरुको सही सदुपयोग गरी परियोजनालाई निरन्तरता प्रदान गर्नका लागि दलित महिला संघ, गाउं स्तरीय दलित एकाई समिति र गाविसको अगुवाइमा अनुगमन गर्नका लागि जिम्मेवारी तोकियो।

३. खोर निर्माण तथा खोर निर्माण स्थलगत तालिम :

३.१ विपन्नता स्तरीकरणका आधारमा छनौंट भएका २५ जना दलित महिलाहरुलाई स्थलगत रुपमा खोर निर्माण सम्बन्धि तालिम प्रदान।

३.२ स्थानिय स्तरमा उपलब्ध सामग्रीहरु– बांस, काठ, ब्लक, सिमेण्ट, ढुंगा, बालुवा, टायल, जालीको खरीद गरी दक्ष ब्यक्तिको उपस्थितिमा सामुहिक महिला सहभागितामा कम लागत प्रविधिमा आधारित १०० कुखुराका लागि आवस्यक २५० वर्गफीट क्षेत्रफल भएको हावा वारपार गर्न हुने र उज्यालो प्रष्ट छिर्ने खोर निर्माण।

४. कुखुरापालन तालिम तथा कुखुरापालन :

४.१ पहिलो लटमा १६ र क्रमश बढाउदै २५ दलित महिलाहरुलाई प्रति परिवार निम्नानुसार सामग्री वितरण गर्ने

- १०० गोटा चल्ला,
- ४५० केजी दाना,
- भ्याक्सिन तथा औषधि उपचार
- दानापानीका लागी भांडाकुंडा सेट
- उज्यालोको लागि लालटिन वितरण।

संस्थाले चल्ला खरिद गर्दा प्राविधिकबाट गुणस्तर एकीन गरी उन्नत जातको चल्ला संस्थाले उपयुक्त र

विश्वसनीय कम्पनीबाट खरिद गरी वितरण गरिएको छ यसैगरि चल्लाको लागि आवस्यक दाना प्राविधिक रुपमा गुणस्तरको सिफारिस भएको १ नम्वर दाना र २ नम्वर दाना संस्थाले उपयुक्त र विश्वसनीय कम्पनीबाट खरिद गरि त्यसको अभिलेख राख्ने र वितरण गर्ने कार्य गरिएको छ। सात दिनसम्म चल्लालाई दाना खुवाउन ४ वटा नाङ्लो, पानी खुवाउने भाडो ४ थान, ठुलो कुखुरालाई दाना खुवाउने भांडा ४ थान; बाल्टी, बाटा र जग १/१ थान वितरण।

४.२ दलित महिलाहरुलाई चल्ला हुर्काउने, तापक्रम मिलाउने, दानापानीको व्यवस्थापन, भ्याक्सिन तथा औषधि उपचार सम्बन्धि व्यवहारिक र स्थलगत कुखुरापालन तालिम प्रदान।

४.३ उत्पादित मासु तथा मल सम्झौता अनुसार लक्ष्मी दाना उद्योगलाई बजारको चलनचल्ती दररेट बुझी फरक नपर्ने गरी बिक्रि वितरण।

४.५ नियमित रुपमा कुखुराका चल्लालाई लगाउनुपर्ने भ्याक्सिनहरु पहिलो ७ दिनभित्र आर.एफ. वन, दोस्रो १४ दिनभित्र आइ.बि.डी. प्लेन, तेस्रो २१ दिनभित्र आइ.बि.डि. प्लस तथा चौथौ हप्ताभित्र लासोटा भ्याक्सिन लगाउने र क्याल्सियम तथा भिटामिन बी खुवाउने र आवस्यक्तानुसार औषधिको ब्यवस्था मिलाउने साथै वरपर छिमेक र जोडिएका जिल्लाहरुमा आएको र आउन सक्ने सम्भावित महामारीप्रति सजग रहनका लागि विभिन्न बचावटका उपायहरु अवलम्वन गरिएको।

५. परियोजनाका लागि आवस्यक मानवीय श्रोतको नियुक्ति :

५.१ परियोजनाको सम्पुर्ण कामलाई प्रभावकारी बनाई निरन्तर संचालन तथा ब्यवस्थित बनाउन एकजना परियोजना संयोजक परियोजना अवधिभरमा ७५ दिनका लागि नियुक्ति।

५.२ परियोजनाको स्थलगत रुपमा गरिने कामलाई प्रभावकारी बनाई कुखुरा पालन सम्बन्धि प्राविधिक कार्य गर्नका लागि एकजना स्थानिय पशुपालन प्राविधिक (जेटिए) परियोजना अवधिभरमा ९० दिनका लागि नियुक्ति।

५.३ परियोजनामा आवद्ध समुदायको अवस्था लेखाजोखा गर्न र सामाजिक परिचालनलाई प्रभावकारी बनाई कुखुरा पालन निरन्तर संचालन तथा ब्यवस्थित बनाउन एकजना सामाजिक विश्लेषक परियोजना अवधिभरमा २१ दिनका लागि नियुक्ति।

५.४ परियोजनाको सम्पुर्ण आर्थिक कारोवारको लेखा राख्न र राष्ट्रिय कृषि अनुसन्धान र विकास कोषको ढांचामा आर्थिक प्रतिवेदन तयार गर्न एकजना लेखापाल परियोजना अवधिभरमा शिरोभार खर्चबाट ब्यहोर्ने गरी नियुक्ति।

६. समुह बचत कोष संचालन :

६.१ परियोजना आवद्ध दलित महिलाहरुको भेला गराई बचत समूह गठन।

६.२ कुखुरा र मल बिक्रिबाट प्राप्त नाफाबाट मासिक रु. १००।०० का दरले बचत कोषमा जम्मा गर्ने।

६.३ बचतलाई समूहमा ऋण परिचालन गरी अन्य इच्छुक महिलाहरुलाई समेत परियोजनामा सहभागी गराई परियोजना निरन्तर सञ्चालन र विस्तार।

७. लैंगिक सचेतना तालिम :

७.१ परियोजना सञ्चालन गरिएका परिवारका पुरुष तथा महिला सदस्यहरुको सहभागितामा लैंगिक सचेतना तालिम सञ्चालन गरी परिवारको परिवर्तन गर्न सकिने कार्यमा दुबैको भूमिका अभिबृद्धि गरिएको छ साथै छोराछोरीमा हुने विभेद कम गर्नका लागि समेत यो परियोजनाले सघाउ पुर्‍याएको छ।

७.२ कुखुरा पालन सम्बन्धि काममा पूरुषको सक्रिय सहभागिता र महिलालाई सघाउने वातावरणको सिर्जना।

७.३ महिला सशक्तिकरण।

८ अनुगमन तथा सुपरिवेक्षण :

८.१ निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि जिल्ला पशु सेवा कार्यालयका प्रतिनिधि, जिल्ला स्तरीय दलित विकास समितिका प्रतिनिधि, संस्थाका प्रतिनिधि, परियोजना संयोजक र राष्ट्रिय कृषि अनुसन्धान र विकास कोषको प्रतिनिधि समेत रहेको टोली निर्माण।

८.२ निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि जिल्ला पशु सेवा कार्यालयका प्रतिनिधि, जिल्ला स्तरीय दलित विकास समितिका प्रतिनिधि, संस्थाका प्रतिनिधि, परियोजना संयोजक र राष्ट्रिय कृषि अनुसन्धान र विकास कोषको प्रतिनिधि समेत रहेको टोलीले परियोजना अवधिभरमा १२ पटक अनुगमन तथा सुपरीवेक्षण गरी दीगोपनाका लागि आवस्यक सुझाव र सल्लाह प्रदान।

९. अतिरिक्त आय आर्जन :

९.१कुखुराको मल प्रयोग गरी अदुवा, गोलभेडा, खुर्सानी तथा अन्य तरकारीको उत्पादनबाट प्रति परिवार १५ देखि २० हजार वार्षिक प्रति रोपनी आय बृद्धि हुनाका साथै आफ्नै करेसा बारीमा उत्पादित ताजा तरकारी सेवनले लाभान्वित समूहले अतिरिक्त लाभ प्राप्त भएको छ।

९.२ अदुवा, गोलभेडा र खुर्सानी उत्पादनमा बढी खपत हुने रासायनिक मलको प्रयोगमा कमी आउनुको वातावरण स्वच्छ हुनाका साथै माटोको गुणस्तर कायममा सघाउ पुगेको।

१०. भिडियो डकुमेण्ट्री र प्रकासन सामग्री :

१०.१ प्राप्त सूचना, तथ्यांक र संचालित कार्यक्रमहरुको विवरणलाई संकलन् गरी ब्यवस्थित रुपमा भिडियो डकुमेण्ट्री र प्रकासन् सामग्रीहरु तयार।

१०.२ तयार भएका सामग्रीहरु परिमार्जन गरी मुर्त रुप दिएर प्रकासन गर्ने र सम्बन्धित सरोकारवालाहरुकहाँ प्रचार प्रसारका लागि वितरण।

११. परियोजनाको चौमासिक र अन्तीम गरी जम्मा ६ पटक ५ प्रतिका दरले प्रगती तथा आर्थिक प्रतिवेदन तयारी।

३. प्रतिफल/नतिजा उपलब्धि सम्बन्धि स्थिति

- हटिया गाविसका १७८ दलित परिवारको प्रारम्भिक आय, जग्गा तथा रोजगारीका आधारमा विपन्नता स्तरीकरण गरी सोही आधारमा कुखुरापालनका लागि २५ परिवार छनौट र समूह निर्माण गरिएको छ ।
- २५ परिवारका दलित महिलाहरुले खोर निर्माण सम्बन्धि स्थलगत तालिम प्राप्त गरी २५ वटा खोर निर्माण ।
- अति विपन्न २५ दलित महिलाहरुले खोर निर्माण तथा कुखुरा पालन सम्बन्धि व्यवहारिक र स्थलगत तालिम तथा आर्थिक सहयोग प्राप्त गरी निरन्तर कुखुरापालनबाट निम्नानुसार आय बृद्धि गरेका छन् ।

**हटिया गाविस वडा नं ९ मा २०६७ आश्विनदेखि २०६९ बैशाखसम्म सञ्चालित**

**पांच लटको औषत कुखुरापालनको अवस्था**

| | | चल्ला वितरण संख्या | | | औषत कुखुरा बिक्रि | | | लगानी तथा बचत | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | कृषकको नाम | वितरण | मरेको | बांकी | तौल केजी | दररेट | जम्मा रकम | लगानी | बचत |
| १ | चन्द्रावती विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| २ | अप्सरा विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ३ | रञ्जिता विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ४ | विष्णूमाया विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ५ | रुपा विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ६ | सीता खाती | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ७ | लक्ष्मी खाती | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ८ | हिरा विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ९ | रेखा खाती | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १० | सजना खाती | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ११ | इन्द्र कूमारी विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १२ | अस्मिता विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १३ | ज्योती विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १४ | दिपा वि क | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १५ | अनिता विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १६ | पवित्रा विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १७ | संगिता विक | ४०० | २८ | ३७२ | ९८६ | १२१ | ११९२८२ | ९२००० | २७२८२ |
| १८ | चन्द्र कूमारी विक | ४०० | २८ | ३७२ | ९८६ | १२१ | ११९२८२ | ९२००० | २७२८२ |
| १९ | हिरा विक सिल्वाल | ४०० | २८ | ३७२ | ९८६ | १२१ | ११९२८२ | ९२००० | २७२८२ |
| २० | पूर्णमायां विक | ४०० | २८ | ३७२ | ९८६ | १२१ | ११९२८२ | ९२००० | २७२८२ |
| २१ | उमा विक | ३०० | २१ | २७९ | ७३९ | १२१ | ८९४६१ | ६९००० | २०४६१ |
| २२ | सरस्वती विक | ३०० | २१ | २७९ | ७३९ | १२१ | ८९४६१ | ६९००० | २०४६१ |
| २३ | धन कुमारी विक | ३०० | २१ | २७९ | ७३९ | १२१ | ८९४६१ | ६९००० | २०४६१ |
| २४ | सञ्जिता विक | १०० | ७ | ९३ | २४६ | १२१ | २९८२० | २३००० | ६८२० |
| २५ | अञ्जु विक | १०० | ७ | ९३ | २४६ | १२१ | २९८२० | २३००० | ६८२० |
| | | १०७०० | ७३५ | ९७६५ | २५८७७ | | ३१३११४७ | २४६१००० | ६७०१४७ |

नोटः कुखुरा विक्रिको अभिलेख घरबाट भएको विक्रि तथा दाना उद्योगमा गरिएको विक्रि दुबैलाई देखाइएको छ

- स्थलगत तालिम प्राप्त गरी २५ परिवारका दलित महिलाहरुले निरन्तर कुखुरापालन गरेका छन् ।
- समुह बचत कोष स्थापना भइ २३ हजार बचत संकलन भएको छ र उक्त बचतबाट ऋण परिचालन गरिएको छ ।
- लैंगिक सचेतना तालिमका माध्यमबाट क्षमता अभिबृद्धि भई महिला सशक्तिकरण हुनाका साथै सहकार्यता वृद्धि भएको छ । परियोजनामा आवद्ध महिला समूहकी सचिव अप्सरा विक गाविसको सामाजिक परिचालक पदमा नियुक्त हुन सफल भएकी छन् । यसैगरी समुहमा आवद्ध अर्की सदस्य रुपा विक सम्पूर्ण छात्रवृत्ति सहीत जनप्रिय प्राविधिक शिक्षालय हटियामा अध्ययनरत छिन ।
- तरकारी खेती तथा नर्सरी व्यवस्थापन तालिम र संस्थाले वितरण गरेको विउबाट अदुवा, गोलभेडा, खुर्सानी तथा अन्य तरकारीको उत्पादन बृद्धि भई प्रति परिवार रु. १५००० पन्ध्र हजार अतिरिक्त आय आर्जन भएको छ ।
- व्यवस्थित रुपमा कार्यक्रम सञ्चालन, अनुगमन तथा सुपरिवेक्षण, प्राविधिक सहयोग र परियोजनामा तयार पारिने श्रव्य दृश्य सामग्रीका मद्धतबाट यो परियोजना अन्यत्र विस्तार भएको छ ।
- एकजना कुखुरा पालन सम्बन्धि स्थानिय दक्ष प्राविधिकले रोजगार प्राप्त गरेका छन् ।
- कार्यक्रमलाई प्रभावकारी बनाइ उद्धेश्य प्राप्तीतर्फ उन्मुख गराउन र अरु समुदायमा विस्तार गर्न दलित समूह, गैर सरकारी संस्था महासंघ, गाउ विकास समिति, जिल्ला विकास समिति, पशु सेवा केन्द्र, जिल्ला पशु सेवा कार्यालय, जनप्रिय प्राविधिक शिक्षालय, राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष तथा संस्थाले निरन्तर अनुगमन तथा सुपरिवेक्षण गरी सुझावहरु प्रस्तुत गरी सुधार गरिएको छ जसले गर्दा कुखुरा पालन विस्तार भएको छ ।
- व्यवस्थित अभिलेख र परियोजनाको प्रचार प्रसारका लागि श्रव्य दृश्य सामग्री तयारी र कुखुरा पालन सम्बन्धि अनुभव, घटना अध्ययन तथा अन्य सामग्रीहरु समेटेर स्मारिका प्रकासन गरिएको छ ।
- आवधिक रुपमा कार्यक्रमको प्रगती तथा आर्थिक प्रतिवेदन तयार गरिएको छ ।

४. नयां प्रविधिको अनुसरण तथा उद्धेश्य (Object) प्राप्तीको सम्भाब्यता

यस परियोजनामा जनप्रिय प्राविधिक शिक्षालय, हटियामा गरिएको नाफामूलक कुखुरा पालन व्यवसायको नमूनालाई अनुशरण गरिएको छ जुन प्रविधि उक्त स्थानका लागि सुहाउंदो सावित भएको छ ।

यस परियोजनाको विस्तारका लागि शुरुमा आधारभुत सर्वेक्षण गरी विश्लेषणका आधारमा सम्पत्ति स्तरीकरण (जग्गा, रोजगारी तथा आय) का माध्यमबाट गाविस, गाउं स्तरीय दलित एकाई समित, दलित महिला समूह तथा संस्थाको समन्वयमा अति विपन्न २५ दलित महिलाहरु छनौट गरी समूह गठन गरी स्थलगत रुपमा आवस्यक ब्यवहारिक तथा अभ्यासमूलक तालिम प्रदान गरी खोर निर्माण तथा कुखुरा पालनका लागि चाहिने चल्ला, दाना, औषधि, भ्याक्सिन तथा भांडाकुंडा उपलब्ध गराई कुखुरा पालन गर्दा रोग अन्वेषण र निराकरणका लागि जनप्रिय प्राविधिक शिक्षालय, हटियामा रहेको प्रयोगशाला र जिल्ला पशु सेवा कार्यालयमा समन्वय गरिएको छ ।

परियोजनाको प्रभावकारिताका लागि स्थानिय समुदाय, कुखुरा पालन समूह, संस्था, जिल्ला पशु सेवा कार्यालय र राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषले समयसमयमा अनुगमन तथा सुपरिवेक्षण गरी आवस्यकता अनुसार परिमार्जन समेत गरिएको छ ।

पहिलो पटक अनुदानका रुपमा खोर, चल्ला, दाना, औषधि, भ्याक्सिन, दानापानीका लागि भांडाकुडा र प्राविधिक सहयोग प्राप्त गरी दोस्रो पटकका लागि पहिलो पटक पालेको कुखुरा र मल बिक्रिबाट प्राप्त रकम मध्ये चल्ला, दाना र भ्याक्सिन तथा औषधि उपचारको लागि बिउ पूंजीका रुपमा राखि परिचालित गरी नाफामध्ये समूह निर्णय अनुसार मासिक बचत गरी कोषको स्थापना तथा समूहमा ऋण परिचालनका माध्यमबाट अन्य इच्छुक महिलाहरुलाई समेत परियोजनामा सहभागी गराइएको छ ।

यो परियोजनाबाट तयार पारिएको कुखुरा पालन सम्बन्धि दृष्य सामग्री तथा सूचना, प्रविधि र तरिकाको जानकारी अन्य समुदायमा विस्तार हुनुका साथै कुखुराको चल्ला, दाना, औषधि तथा प्राविधिक ज्ञान समुदायमा उपलब्ध छ जसबाट अन्य समुदाय प्रेरित भएका छन साथै परियोजनामा संलग्न दलित परिवारको आय बृद्धि हुनाका साथै अन्य छिमेकीहरुले समेत कुखुरा पालन व्यवसाय शुरु भएकाले भविष्यमा यस क्षेत्रको आय आर्जनको राम्रो माध्यम हुन सक्छ ।

लैंगिक सचेतना तालिमका माध्यमबाट महिला शसक्तिकरण हुनाका साथै परिवारका पुरुष सदस्यहरुमा सहकार्यको भावना जगाई ब्यावसायिकतातर्फ उन्मुख गराएको छ र परियोजना लैंगिक मैत्री बनाईएको छ ।

उत्पादित कुखुरा तथा मल सजिलै बजारमा बिक्रिका लागि संस्थाले लक्ष्मी दाना उद्योगसंग सम्झौता गरी बजार प्रवर्द्धन गरेको छ ।

यसका साथै अतिरिक्त उत्पादनमा अदुवा, गोलभेडा र खुर्सानीको उत्पादनमा बृद्धि भई लक्षित समुदाय र अन्य समुदाय समेत यसबाट लाभान्वित भएका छन् ।

५. आयोजनाका सरोकारवालाहरुले पहिचान गरेका संभाव्य प्रभावका मुख्य मुख्य सूचकहरु

- १७८ दलित परिवारको प्रारम्भिक आय, जग्गा तथा रोजगारीका आधारमा विपन्नता स्तरीकरण ।
- विपन्नता स्तरीकरणका आधारमा कुखुरापालनका लागि २५ परिवार छनौट र समूह निर्माण ।



Community Energy and Ecology Development ... Makwanpur मकवानपुर

- २५जनाको दक्षता अभिबृद्धि तथा स्थानिय सामग्रीको प्रयोग गरी २५ वटा खोर निर्माण ।
- पहिलो पल्ट १६ दलित परिवार र क्रमशः बृद्धि गर्दै कार्यक्रमको अन्त्यसम्ममा २५ परिवारको कार्यक्रममा सहभागिता गराई पहिलो पल्ट १६ दलित परिवार र क्रमशः कार्यक्रमको अन्त्यसम्ममा २५ परिवारका दलित महिलाहरुलाई प्रति परिवार १०० गोटा चल्ला, ४५० केजी दाना, भ्याक्सिन, औषधि तथा दानापानी खुवाउने भाडाहरु वितरण ।
- स्थानिय कुखुरा पालन सम्बन्धि दक्ष प्राविधिकलाई दैनिक ज्यालादारीमा ९० दिनका लागि रोजगार ।
- २५ परिवारले गरेको कुखुरा पालनबाट भएको नाफाबाट बचत कोष संचालन ।
- कुखुरा पालन सम्बन्धि काममा पुरुष सदस्यहरुबाट महिलाहरुलाई सक्रिय सहयोग र सहकार्यता ।
- स्थानिय समूह र सरोकारवालाहरुबाट निरन्तर तथा विज्ञ टोलीबाट प्रत्येक लटमा २ पटक अनुगमन तथा सुपरिवेक्षण ।
- उत्पादित मलको प्रयोगले अदुवा, गोलभेडा र खुर्सानी उत्पादन बृद्धि भई प्रति रोपनी वार्षिक रु.२०००० थप आम्दानी ।
- परियोजनाको सम्पूर्ण क्रियाकलाप समेटेर अन्तिममा एउटा श्रब्य दृष्य सामग्री तथा ५०० थान स्मारिका प्रकासन ।
- परियोजनाको चौमासिक र अन्तीम गरी जम्मा ६ पटक ५ प्रतिका दरले प्रगती तथा आर्थिक प्रतिवेदन ।

६. पछि गर्नुपर्ने प्रस्तावित कार्यहरु (Proposed Follow-up)

- महिला समूहले यसको प्रचार प्रसारमा ध्यान दिनुपर्ने
- बचत तथा ऋणलाइ निरन्तरता दिनुपर्ने
- समूहको सम्बन्ध विस्तार गर्नुपर्ने
- समूहमा नै दक्ष प्राविधिकको संख्या वृद्धि गर्नुपर्ने
- दलित महिलाहरुको नेतृत्वमा संचालन भएकाले यसको प्रचार राष्टिय रुपमा गरिनुपर्ने
- खोर निर्माणमा उज्यालो, हावा र तापक्रमलाई ध्यान पुऱ्याउनुपर्ने
- महामारी र संक्रामक रोगका लागि पूर्वतयारी गर्नुपर्ने
- उत्पादित मासु तथा मलको बजार ब्यवस्थापन गर्नुपर्ने
- मलको प्रयोग गरी जैविक खेती प्रणालिको प्रवर्द्धन गर्नुपर्ने आदि

७. सिकिएका पाठ

- समुदायको संलग्नतामा योजनावद्ध तरिकाले कार्य गर्दा ज्ञान सीप हस्तान्तरण हुनाका साथै आय वृद्धि हुन्छ ।
- कम लागत प्रविधिमा आधारित ब्यवसाय सञ्चालन गर्दा उत्पादित बस्तुको लागत मूल्य कम भइ नाफाको मात्रा बढ्न जाने र उपभोक्ताले कम मूल्यमा बस्तु उपभोग गर्न पाउछन् ।
- स्थलगत तालिम सञ्चालन गरी सम्बन्धित कृषकको खोरमा तालिम सञ्चालन गर्दा जोखिम कम हुनाका साथै स्थानिय रुपमा प्राविधिक क्षमता बढ्छ । जसले ब्यवसायमा प्राविधिक लागत कमी हुन्छ ।
- बचत संकलन तथा ऋण परिचालन समूहमा नै हुंदा सबैको पहुंच हुन्छ र गरीवहरुले पनि समूह जमानीमा ऋण प्राप्त गरी आय बढाउन सक्छन् । जोखिम कम गर्न यसले सघाउ पुग्छ ।
- महिलालाई गरिएको सशक्तिकरणले समुदायमा दिगो विकास गर्नुका साथै घरपरिवारमा आमुल परिवर्तन ल्याउछ ।

८. प्रकाशन तथा सम्पर्क

सञ्चालित परियोजनाको सम्पूर्ण क्रियाकलापलाइ समेटेर भिडियो डकुमेण्ट्री र ३०० थान स्मारिका प्रकाशन गरी समुदाय तथा अन्य सरोकारवालाहरु र सम्भावित विस्तार गर्न सकिने क्षेत्रहरुमा वितरण गरिएको छ र राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषमा प्रतिवेदनका साथ पेश गरिएको छ ।
यसका लागि संस्था वा परियोजना संयोजकसंग सम्पर्क गरेर प्राप्त गर्न सकिन्छ ।

## राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको सहयोगमा
## हटिया गाविस वडा नं ९ मा २०६८ आश्विनदेखि २०६९ बैशाखसम्म सन्चालित
## पांचौ लटसम्मको औषत कुखुरापालनको अवस्था

| क्र.सं | कृषकको नाम | चल्ला वितरण संख्या | | | औषत कुखुरा बिक्रि | | | लगानी तथा बचत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वितरण | मरेको | बांकी | तौल केजी | दररेट | जम्मा रकम | लगानी | बचत |
| १ | चन्द्रावती विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| २ | अप्सरा विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ३ | रन्जिता विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ४ | विष्णुमाया विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ५ | रुपा विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ६ | सीता खाती | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ७ | लक्ष्मी खाती | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ८ | हिरा विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ९ | रेखा खाती | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १० | सजना खाती | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| ११ | इन्द्र कुमारी विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १२ | अस्मिता विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १३ | ज्योती विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १४ | दिपा वि क | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १५ | अनिता विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १६ | पवित्रा विक | ५०० | ३५ | ४६५ | १२३२ | १२१ | १४९१०२ | ११५००० | ३४१०२ |
| १७ | संगिता विक | ४०० | २८ | ३७२ | ९८६ | १२१ | ११९२८२ | ९२००० | २७२८२ |
| १८ | चन्द्र कुमारी विक | ४०० | २८ | ३७२ | ९८६ | १२१ | ११९२८२ | ९२००० | २७२८२ |
| १९ | हिरा विक सिल्वाल | ४०० | २८ | ३७२ | ९८६ | १२१ | ११९२८२ | ९२००० | २७२८२ |
| २० | पुर्णमायां विक | ४०० | २८ | ३७२ | ९८६ | १२१ | ११९२८२ | ९२००० | २७२८२ |
| २१ | उमा विक | ३०० | २१ | २७९ | ७३९ | १२१ | ८९४६१ | ६९००० | २०४६१ |
| २२ | सरस्वती विक | ३०० | २१ | २७९ | ७३९ | १२१ | ८९४६१ | ६९००० | २०४६१ |
| २३ | धन कुमारी विक | ३०० | २१ | २७९ | ७३९ | १२१ | ८९४६१ | ६९००० | २०४६१ |
| २४ | सन्जिता विक | १०० | ७ | ९३ | २४६ | १२१ | २९८२० | २३००० | ६८२० |
| २५ | अन्जू विक | १०० | ७ | ९३ | २४६ | १२१ | २९८२० | २३००० | ६८२० |
| | | १०७०० | ७३५ | ९९६५ | २५८७७ | | ३१३११४७ | २४६१००० | ६७०१४७ |

नोट: १६ जना कृषक पहिलो लटमा, ४ जना दोस्रो लटमा, ३ जना तेस्रो लटमा र २ जना पांचौ लटमा थप गरी जम्मा २५ जना महिला कृषक कुखुरापालन कार्यक्रममा समावेस भएका छन् । कुखुरा पालनको आर्थिक विश्लेषण गर्दा पहिलो लटमा समाबेश भएका कृषकहरुको औषत बचत पांच लटमा रु ३४१०२।००, दोस्रो लटमा समाबेश भएका कृषकहरुको औषत बचत ४ लटमा रु २७८८२।००, तेस्रो लटमा समाबेश भएका कृषकहरुको औषत बचत ३ लटमा रु २०४६१।०० र पांचौ लटमा समावेश भएका कृषकहरुको औषत बचत १ लटमा रु ६८२०।०० भएको छ ।

## राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको सहयोगमा हटिया गाविस वडा नं ९ मा २०६८ चैत्रदेखि २०६९ बैशाखसम्म सञ्चालित पांचौ लटको कुखुरापालन विवरण

| क्र.सं | कृषकको नाम | चल्ला वितरण संख्या | | | कुखुरा बिक्रि | | |
|---|---|---|---|---|---|---|---|
| | | वितरण | मरेको | बांकी | तौल केजी | दररेट | जम्मा रकम |
| १ | चन्द्रावती विक | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| २ | अप्सरा विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| ३ | रञ्जिता विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| ४ | विष्णुमाया विक | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| ५ | रुपा विक | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| ६ | सीता खाती | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| ७ | लक्ष्मी खाती | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| ८ | हिरा विक | १०० | ४ | ९६ | २४०।०० | १५५ | ३७२००।०० |
| ९ | रेखा खाती | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| १० | सजना खाती | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| ११ | इन्द्र कुमारी विक | १०० | ४ | ९६ | २४०।०० | १५५ | ३७२००।०० |
| १२ | अस्मिता विक | १०० | ५ | ९५ | २३७।५० | १५५ | ३६८१२।५० |
| १३ | ज्योती विक | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| १४ | दिपा वि क | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| १५ | अनिता विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| १६ | पवित्रा विक | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| १७ | संगिता विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| १८ | चन्द्र कुमारी विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| १९ | हिरा विक सिल्वाल | १०० | ६ | ९४ | २३५।०० | १५५ | ३६४२५।०० |
| २० | पुर्णमायां विक | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| २१ | उमा विक | १०० | ३ | ९७ | २४२।५० | १५५ | ३७५८७।५० |
| २२ | सरस्वती विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| २३ | धन कुमारी विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| २४ | सञ्जिता विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| २५ | अञ्जू विक | १०० | २ | ९८ | २४५।०० | १५५ | ३७९७५।०० |
| | | २५०० | ७१ | २२३३ | ५५८२।५० | | ९४१२३७।५० |

नोटः कुखुरा विक्रिको अभिलेख घरबाट भएको विक्रि तथा दाना उद्योगमा गरिएको विक्रि दुबैलाई देखाइएको छ ।

## अनुसुची १०
## आर्थिक प्रतिवेदन तथा आवेदन फारम

फारम ५

| | |
|---|---|
| आयोजना नं | ७०६ |
| आयोजनाको शिर्षक | मकवानपुर जिल्लाका दलित महिलाहरुको आय वृद्धिका लागि कुखुरा पालन परियोजना |

| आयोजना समाप्ती सारांशले समेटेको आयोजना अवधि | | | |
|---|---|---|---|
| देखि | २०६७ असौज | सम्म | २०६९ वैशाख |

| क्रियाकलाप | स्विकृत बजेट | खर्च | बाँकी | नोट |
|---|---|---|---|---|
| १.१ सर्वेक्षण फारम तयारी | २५००।०० | २५००।०० | ०।०० | |
| १.२ आधारभुत सर्वेक्षण | २५००।०० | २५००।०० | ०।०० | |
| १.३ भेला तथा समुह गठन | २५००।०० | २५००।०० | ०।०० | |
| १.४अनुगमन समिति निर्माण | २५००।०० | २५००।०० | ०।०० | |
| १.५ निर्माण सामग्री खरिद | १६००००।०० | १६००००।०० | ०।०० | |
| १.६ स्थलगत तालिम | ४८०००।०० | ४८०००।०० | ०।०० | संस्थाले व्यहोरेको |
| १.७ चल्ला खरिद | १२८०००।०० | १२८०००।०० | ०।०० | |
| १.८ दाना खरिद | २५२०००।०० | २५२०००।०० | ०।०० | |
| १.९ भ्याक्सिन | २५६००।०० | २५६००।०० | ०।०० | |
| १.१० औषधि उपचार | २४०००।०० | २४०००।०० | ०।०० | |
| १.११ दानापानीका भांडा खरिद | ८००००।०० | ८००००।०० | ०।०० | |
| १.१२ तालिम | २५०००।०० | २५०००।०० | ०।०० | |
| १.१३ परियोजना संयोजक | ५२५००।०० | ५२५००।०० | ०।०० | |
| १.१४ सामाजिक विश्लेषक | १४०००।०० | १४०००।०० | ०।०० | |
| १.१५ प्राविधिक जेटिए | २७०००।०० | २७०००।०० | ०।०० | |
| २.१ बचत कोष भेला तथा समूह गठन | २५००।०० | २५००।०० | ०।०० | |
| २.२ लैगिंक सचेतना तालिमखर्च | २५०००।०० | २५०००।०० | ०।०० | |
| २.३ अतिरिक्त आय आर्जन प्राविधिक सहयोग | २५००।०० | २५००।०० | ०।०० | |
| १ अनुगमन र सुपरिवेक्षण | १२०००।०० | १२०००।०० | ०।०० | |
| ३.२ भिडियो डकुमेण्ट्री निर्माण | २००००।०० | २००००।०० | ०।०० | |
| ३.३ प्रकासन | १२०००।०० | १२०००।०० | ०।०० | |
| कार्यक्रम खर्च | ९२०१००।०० | ९२०१००।०० | ०।०० | |
| शिरोभार | ११५०००।०० | ११५०००।०० | ०।०० | |
| भैपरी खर्च | १२०००।०० | १२०००।०० | ०।०० | |
| जम्मा | १०४७१००।०० | १०४७१००।०० | ०।०० | |
| मू.अ. कर | ०।०० | ०।०० | ०।०० | |
| कुल जम्मा | १०४७१००।०० | १०४७१००।०० | ०।०० | |
| | | | | |